**यौन अल्पसङ्ख्यकहरूका लागि समान अधिकारः नागरिकता प्रमाणपत्रको अधिकार विषयक अन्तर्क्रिया कार्यक्रममा नेपालस्थित मानवअधिकार उच्चायुक्तको कार्यालयकी प्रतिनिधि ज्योति साङ्घेराले दिनुभएको मन्तव्य**

होटेल एभरेस्ट ,काठमाडौं

**विहीबार ,२०६७ असार २४**

संविधानसभाका माननीय सदस्यहरू ,राष्ट्रिय मानवअधिकार आयोग ,राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोगका आयुक्तहरू ,प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयका प्रतिनिधि ,अन्तर्राष्ट्रिय समुदायका प्रतिनिधिहरू ,सञ्चारजगत तथा नागरिक समाजका साथी तथा सहकर्मीहरूः

आज मलाई यस कार्यक्रममा बोल्न पाउँदा अत्यन्त खुसी लागेको छ। यस अन्तर्क्रिया कार्यक्रमको आयोजना गर्न तथा काठमाडौंलगायत नेपालका विभिन्न क्षेत्रहरू तथा यो महत्त्वपूर्ण छलफल कार्यक्रममा भेला सहभागीहरू भेला गराउन दर्बान समीक्षा सम्मेलन फलोअप कमिटी र ब्लु डायमन्ड सोसाइटीले संयुक्त रूपमा गरेका प्रयासहरूको पनि म स्वागत गर्न चाहन्छु।

वि.सं. २०६४ पुसमा सर्वोच्च अदालतले कानुनका दृष्टिमा यौन अल्पसङ्ख्यकहरूको समान मान्यतालगायत उनीहरूका समान अधिकारहरूलाई स्वीकार गर्दै लैङ्गिक पहिचान तथा यौन झुकावका सम्बन्धमा गरेको अभूतपूर्व निर्णयको हामी सबैलाई सम्झना छ। सो निर्णयले ,अन्य कुराका अतिरिक्त ,ती अधिकारहरूलाई संरक्षण तथा प्रवर्द्धन गर्दै कानुनहरूको तर्जुमा गर्न र यौन तथा लैङ्गिक अल्लपसङ्ख्यकविरुद्धका विभेदकारी कानुनको समीक्षा तथा संशोधन गर्न सरकारलाई निर्देशन दिएको छ। उक्त निर्णयले नागरिकता तथा पहिचानको प्रमाणपत्रमा पहुँचलगायत यौन तथा लैङ्गिक अल्लपसङ्ख्यकका निम्ति समानता र अविभेदको सिद्धान्तमाथि जोड दिएको छ।

सन् २०११ को जनवरी तथा जुनमा भएको विश्वव्यापी आवधिक समीक्षामा नेपाल सरकारले लैङ्गिक पहिचान तथा यौन झुकावलगायतका आधारमा हुने विभेदको अन्त्य गर्ने तथा सर्वोच्च अदातलको निर्णय कार्यान्वयन गर्ने विशिष्ट प्रतिबद्धताहरू पनि व्यक्त गरेको छ। एलजीबीटीआई समुदायका सदस्यहरूको नागरिकताको अधिकारलाई २०६४ सालको सर्वोच्च अदालतको निर्णयमा व्याख्या गरिएका समान अधिकारहरूसँग अनुकूल हुनेगरी त्यसलाई सुनिश्चित गर्न कानुनको तर्जुमा गर्न" र "प्रस्तावित देवानी तथा फौजदारी कानुनलगायतका कुरामा यौन झुकाव तथा लैङ्गिक पहिचानमा आधारित अविभेदलाई सुनिश्चित गर्न" सरकारले सहमति जनाएको छ।

Office of the High Commissioner for Human Rights in Nepal
Museum Road,Chhauni,
Kathmandu,
Nepal

http://nepal.ohchr.org
Email: registry.np@ohchr.org
Tel: +977 1 4280164
Fax +977 1 4670712, 4670713

UNITED NATIONS

UNITED NATIONS HUMAN RIGHTS
OFFICE OF THE HIGH COMMISSIONER

सर्वोच्च अदालतको निर्णय र विश्वव्यापी आवधिक समीक्षाअन्तर्गतका प्रतिबद्धताहरूमार्फत् नेपाल महिला तथा पुरुष समलिङ्गी ,दुईलिङ्गी ,तेस्रो लिङ्गी र अन्तरलिङ्गी व्यक्तिहरूको समान अधिकारलाई स्वीकार गर्ने एकमात्र दक्षिण एसियाली राष्ट्र हो। तर ,यौन तथा लैङ्गिक अल्पसङ्ख्यकहरूको मानवअधिकारको संरक्षण र प्रवर्द्धन सुनिश्चित गर्न अझै पनि कैयौँ चुनौतीहरूलाई पार लगाउनुपर्नेछ।

गम्भीर रूपमा विभेद गरिएको मात्र होइन ,त्यसबाहेक पनि अत्यन्त ठूलो हेयभाव राखिएको कुनै एउटा समूह छ भने त्यो यौन अल्पसङ्ख्यकहरूको नै हो। प्रायः सामाजिक रूपमा बहिष्कृत ,निष्काशित ,छद्म जीवन जिउन बाध्य ,अवैध घोषित तथा अपमानित ,असामान्य ,अप्राकृतिक ,विकृत वा विचलित मानिएको यो समूहले भोग्नुपरेको विभेद र हेयभावले हिंसा र दुर्व्यवहारबाट स्वतन्त्रताको अधिकार , परिवार बसाउन पाउने ,जीविकोपार्जन गर्न पाउने ,आवास ,शिक्षा तथा स्वास्थ्यको अधिकार शारीरिक अखण्डताको अधिकार र बाँच्न पाउने अधिकारसमेत धेरै प्रकारका अधिकारहरूको वञ्चिति निम्त्याउँछ। भिन्न यौन प्राथमिकता तथा लैङ्गिक पहिचान भएकाले मात्र यौन अल्पसङ्ख्यक समूहहरूले मृत्युवरण गर्नुपरेका प्रशस्त उदाहरणहरू विश्वको प्रत्येक भागमा पाइन्छ। महिला समलिङ्गीहरू "सुधारकारी बलात्कार"को शिकार भएका छन् र पुरुष समलिङ्गीहरू अरू डरलाग्दा किसिमबाट अपमानित भएका छन्। वैकल्पिक यौनका उपायहरूलाई अस्वीकार गर्ने कार्य तथा उत्पन्न हेयभाव कथित आधुनिक समाज र आधुनिक सोचाइमाथि मडारिरहेको सबैभन्दा ठूलो लज्जा हो।

पहिले उल्लेख गरिएका केही सकारात्मक हस्तक्षेपका रूपमा रहेका सर्वोच्च अदालतको आदेशका बाबजुद यौन अल्पसङ्ख्यकहरूले आफ्नो पहिचानअनुसार नागरिकताको प्रमाणपत्र प्राप्त गर्न निरन्तर समस्या भोग्नुपरेको छ। आफ्नो यौन अभिमुखीकरण र लैङ्गिक पहिचानका आधारमा विभेदको शिकार हुनुपरेका महिला तथा पुरुष समलिङ्गी ,दुईलिङ्गी ,तेस्रो लिङ्गी र अन्तरलिङ्गीहरू समान अवसर र मानवअधिकारको पूर्ण उपभोग गर्नबाट वञ्चित छन्।

त्यसैले सर्वोच्च अदालतको आदेश तथा विश्वव्यापी आवधिक समीक्षामार्फत् नेपाल सरकारले गरेका प्रतिबद्धताहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नु अत्यावश्यक छ।

राष्ट्रिय मानवअधिकार संस्थाहरू र नागरिक समाजले पनि विश्वव्यापी आवधिक समीक्षा प्रकृयामार्फत् समेत महिला तथा पुरुष समलिङ्गी ,दुईलिङ्गी ,तेस्रो लिङ्गी र अन्तरलिङ्गीहरूको अधिकारको सरक्षण र प्रवर्द्धनमा ठूलो भूमिका खेल्नुपर्नेछ।

आज म २०६८ असार ३ गते यौन झुकाव तथा लैङ्गिक पहिचानसम्बन्धी सबैभन्दा पहिलो प्रस्तावका रूपमा मानवअधिकार परिषद्द्वारा हालै पारित अभूतपूर्व प्रस्तावलाई पनि स्मरण गर्न चाहन्छु। यस

प्रस्तावअन्तर्गत परिषद्द्वारा मानवअधिकार उच्चायुक्तको कार्यालयलाई डिसेम्बरभित्रमा “विश्वका सबै क्षेत्रमा रहेका विभेदकारी कानुन तथा प्रचलन र व्यक्तिहरूविरुद्ध तिनको यौन झुकाव तथा लैङ्गिक पहिचानका आधारमा गरिने हिंसात्मक कार्य”को विवरण प्राप्तिका लागि अध्ययन गर्न भनिएको छ। उच्चायुक्तको कार्यालय-नेपालले यस अध्ययनमा योगदान पुर्‍याउनेछ र यस प्रक्रियामा साझेदारहरूसँग परामर्श गर्नेछ। हाम्रो कार्यालयले संविधान निर्माण प्रक्रिया तथा विभेदकारी कानुन तथा प्रचलनहरूको समीक्षाभित्र एलजीबीटीआईहरूका अधिकारको संरक्षण तथा संवर्द्धनसँग सम्बन्धित सम्बद्ध अन्तर्राष्ट्रिय मानवअधिकार अभ्यास तथा सर्वोत्तम अभ्यासहरूमा सहयोग पुर्‍याउन पनि जारी राख्नेछ।

अन्त्यमा, म हामीले केही बेरमै अवलोकन गर्ने भिडियो सन्देशमा समावेश रहेको मानवअधिकार उच्चायुक्त नभी पिल्लेको एउटा उद्धरण प्रस्तुत गर्न चाहन्छु: “मानिसको कुनै पनि समूहलाई कम मूल्य वा सम्मानको कम लायक वा हकदार ठान्ने अधिकार कुनै पनि व्यक्तिलाई छैन। हामीमध्ये प्रत्येक व्यक्ति आफ्नो यौन झुकाव वा लैङ्गिक पहिचान जे भए पनि उस्तै अधिकार उस्तै सम्मान र नैतिक व्यवहारको हकदार छौँ।"